# Living the Lotus 7

## Buddhism in Everyday Life

2026
VOL. 250














## रिश्शो कोसेइ काइ उत्तर अमेरिका जुन ५-७ मा लस एन्जलसमा डा. डोमिनिक स्कारान्जेलोले राष्ट्रिय अगुवाहरूको तालिम

**Living the Lotus**
**Vol. 250 (July 2026)**

प्रकाशक: रिश्शो कोसेइ काइ अंतराष्टृय बिभाग
फुमोन मिडिया सेन्टर २-७-१, वादा सुगीनामी कु टोक्यो १६६-८५३७ जापान
फोन: ८१-३-५३४१-११२४ फ्याक्स्: ८१-३-५३४१-१२२४
इ-मेल्: living.the.lotus.rk-international@kosei-kai.or.jp
प्रमुख सम्पादक: माएदा ताकासी
सम्पादक: साची मिकावा
नेपाली संसकरण अनुवाद र सम्पादक: नविन अर्याल
सम्पादन कर्मचारी:अंतराष्टृय बिभाग कर्मचारी

रिश्शो कोसेइ काइ सन १९३८ सालमा संस्थापक निवानो निचिनो र नागानुमा म्योकोले सुरु गर्नुभएको शद्धर्म पुन्डरिक सुत्र र अरु दुइ सुत्र मान्ने सर्बसाधारण बुद्ध धर्मको संस्था हो। हामी बस्ने ठाउँ, काम गर्ने ठाउँमा गौतम बुद्धका उपदेशहरुको आधारलाई व्यबहारमा ल्याएर शान्तिपूर्ण संसार बनाउन चाहने ब्यक्तिहरु यो संस्थामा आबद्ध छन। अहिले अध्यक्ष निवानो निचिको र हामी बौद्धधर्मालु सदस्यहरु राष्टृय अन्तराष्टृय स्तरमा अरु धर्महरु या परोपकारी संस्थाहरुसँग मिली बुद्धको उपदेश फैलाउन कोसिश गरिरहेका छौ। रिश्शो कोसेइ काइ सन १९३८ सालमा संस्थापक निवानो निचिनो र नागानुमा म्योकोले सुरु गर्नुभएको शद्धर्म पुन्डरिक सुत्र र अरु दुइ सुत्र मान्ने सर्बसाधारण बुद्ध धर्मको संस्था हो। हामी बस्ने ठाउँ, काम गर्ने ठाउँमा गौतम बुद्धका उपदेशहरुको आधारलाई व्यबहारमा ल्याएर शान्तिपूर्ण संसार बनाउन चाहने ब्यक्तिहरु यो संस्थामा आबद्ध छन। अहिले अध्यक्ष निवानो निचिको र हामी बौद्धधर्मालु सदस्यहरु राष्टृय अन्तराष्टृय स्तरमा अरु धर्महरु या परोपकारी संस्थाहरुसँग मिली बुद्धको उपदेश फैलाउन कोसिश गरिरहेका छौ।

Living the Lotus-Buddhism in Everyday life (शद्धर्म पुन्डरिक सुत्र - दैनिक जिवनमा बुद्ध धर्म) भन्ने शिर्षक हाम्रो दैनिकिमा बुद्धको उपदेश कसरी प्रयोग गर्न सकिन्छ भन्ने कुरा बुझाउन, जसरि हिलोमा पनि कमल फकृयको हुन्छ तेस्तै हाम्रो जिवन राम्रो र उधेष्यमुलक होस भन्ने कामना सहित राखिएको हो। यो पत्रीका पढेर संसार मनिसहरुको जिवनमा बुद्धको उपदेश उपयोग गर्नकोलागि ईन्टरनेटमा राखिएको छ।

# तिमीलाई भेटेकोमा खुसी छु

Rev. Nichiko Niwano
President of Rissho Kosei-kai



## बिनम्र भाग्यलाई पछयाउँदै

आज राती, म भेट्न आएकी मेरी श्रीमतीसँग ओबोन चन्द्रमालाई नियाली " (मोरी सुमियो) — यो हाइकुले ओबोनको (पितृ पूजा गरिने समय ) पहिलो दिनको साँझमा आफ्नी मृत पत्नीसँग सँगै हेर्दा चन्द्रमा कति दु:खद तर सुन्दर हुन्छ भन्ने भावना व्यक्त गरेको देखिन्छ। यस्तो पनि लाग्छ कि आफ्नो दिवंगत जीवनसाथीलाई भन्दैछन्, "म यस्तो जीवन बिताउँदैछु जसमा तिमी लज्जित हुनु पर्दैन, त्यसैले ढुक्क हुनु।"

हामी विवाहित जोडीको जस्तो गहिरो बन्धनमा बाँधिएका छैनौं भने पनि, हामी मध्ये कोही पनि पूर्ण रूपमा एक्लै बाँच्न सक्दैनौं। "मानव" शब्दले बुझाउछ की , हामी "अन्य मानिसहरूको बीचमा" बस्छौं, र हाम्रो जीवन मानिसहरू र चीजहरूसँगको भेटघाटको संचयले एकसाथ बुनेको हुन्छ। हाम्रा संस्थापकले स्पष्ट रूपमा भनेझैं, "जीवन भेटघाटको योग हो।"

यद्यपि, ती भेटघाटहरू मध्ये, केहि यस्ता हुन्छन् जसले अर्को व्यक्तिप्रतिको आक्रोश र घृणाको कारणले पीडा निम्त्याने गर्छ । धेरैथोरै सबैको जीवन अनुभव र मूल्यमान्यता फरक हुन्छ, त्यसैले त्यहाँ अनिवार्य रूपमा ती व्यक्तिहरूसँग भेटघाट हुनेछ जससँग कुरा मिल्दैनन्। यस्तो परिस्थितिमा, उदाहरणका लागि, यदि तपाईंले "यो व्यक्तिसँग मेरो कुरा मिल्दैन" भन्ने निर्णय गर्नुभयो भने, तपाईं उनीहरूबाट आफूलाई टाढा हुने चाहना हुन्छ , तर म भने प्राय: एस्तो सोचने गर्छु की , "यी रोचक मानिसहरू हुन जससँग मसँग नभएका चीजहरू छन्," वा "यिनीहरुको सोचाई फरक छन्।"

भनिन्छ , "संयोगवश भेट हुनु पनि विगतको जन्मको कर्म सम्बन्ध हो," र बौद्ध धर्ममा पनि भनाइ छ, "आमनेसामने भेट्नु र सँगै बस्नु भनेको पाँच सय जीवनको कर्म सम्बन्ध हो।" मतलब सडकमा संयोगवश भेटिएका मानिसहरू पनि विगतको जन्मको गहिरो कर्म सम्बन्धले जोडिएका हुन्छन्। त्यसकारण, आफ्नो सुविधा

वा भावनाको आधारमा मात्र भेटघाटलाई राम्रो वा नराम्रो भनेर निर्णय गर्नु लाजमर्दो देखिन्छ।

कवि शुन्तारो तानिकावाले भनेका छन्, “अरू मानिसहरूलाई भेटेकोमा धन्यवाद, म आफैंलाई भेट्न सक्षम भएँ।” अरूसँगको भेटघाटको माध्यमबाट, हामी आफूभित्रका ती पक्षहरू बारे सचेत हुन्छौं जुन हामीलाई थाहा थिएन, वा हामीसँग असहमत हुनेहरूको दृष्टिकोणको बारेमा सिक्छौं, र यसले आफूलाई चमकाउने कसीको रूपमा काम गर्न सक्छ। भनिन्छ कि कसैको चरित्र र मानवता सुधार गर्न, कसैको विचारसँग सहमत र असहमत हुने मानिसहरूको समान संख्या हुनु महत्त्वपूर्ण छ, र त्यस अर्थमा, मलाई विश्वास छ कि अवसरहरू आउँदा मानिसहरूसँग इमानदारीपूर्वक संलग्न हुँदा व्यक्तिको जीवन समृद्ध हुन्छ।

## दिवंगत भएकाहरूसँग पुनर्सम्बन्ध स्थापित गर्ने

यद्यपि, अप्रिय कुराहरू वा मन नपर्ने मानिसहरूलाई खुलेर  स्वीकार गर्न धेरै गाह्रो छ। तैपनि, सौभाग्यवश, बुद्धको कारणले गर्दा, हामी मानिसहरू र चीजहरूको सामना इमानदारीका साथ गर्न सक्छौं। जब हामी हाम्रो लागि असुविधाजनक मानिसहरू वा परिस्थितिहरूको सामना गर्छौं, हामी “बुद्धले हामीलाई यहाँ के सिकाउन खोज्दै हुनुहुन्छ?” मा चिन्तन गर्छौं र यसलाई किन असुविधाजनक ठान्छौं र अहिले के गर्नु महत्त्वपूर्ण छ भनेर शान्तपूर्वक जाँच गर्ने अवसरको रूपमा प्रयोग गर्छौं। बुद्धसँग हाम्रो हृदयलाई जोड्ने बानीले इमान्दार हृदयतर्फ डोऱ्याउँछ।

थप चिन्तन गर्दा, विशेष गरी मानिसहरूसँगको भेटघाट विभिन्न कारण र अवस्थाहरूले गर्दा हुने रहस्यमय घटनाहरूको श्रृंखलाको परिणाम हो। यदि तपाईंले शब्दकोशमा “भाग्य” हेर्नुभयो भने, यसले “मानव नियन्त्रणभन्दा बाहिरको रहस्यमय शक्ति जसले मानिसहरूलाई जोड्छ” भन्छ, त्यसैले यो भन्न सकिन्छ कि हामीले प्रत्येक व्यक्तिलाई भेट्यौं किनभने हामी त्यसैका लागि थियौं। त्यसलाई ध्यानमा राख्दै, हामी हाम्रा जीवनसाथी, आमाबाबु र छोराछोरी र भाइबहिनीहरूलाई मात्र होइन, हामीले भेट्ने सबैलाई इमानदारीपूर्वक भन्न चाहन्छौं, “ तिमीलाई भेटेकोमा खुसी छु,” र मलाई विश्वास छ कि यसरी एकअर्कालाई भेटेर मुस्कुराउने सबैजना अन्तरसम्बन्धको सिद्धान्त अनुसार बाँचिरहेका छन् जसले हामीलाई सबै कुरा सम्बन्धित छ भनेर सिकाउँछ।

ओबोन पर्व नजिकिँदै गर्दा, हामी फेरि एकपटक हाम्रा पुर्खाहरू र दिवंगत भएका परिवारका सदस्यहरूसँग पुन: सम्पर्क गर्न सक्षम हुनेछौं। विगतलाई सम्झँदै, हामी निश्चित रूपमा हाम्रो स्नेह र कृतज्ञताको भावनालाई गहिरो बनाउनेछौं, “म तपाईंलाई भेटेकोमा धेरै खुसी छु।” साथै, जीवित हुनुको बहुमूल्यतालाई चिन्तन गर्दा, सूत्र र स्मारक सेवाहरूको जपको क्रममा त्रिरत्न शरण परिनमन  जस्ता आध्यात्मिक कल्याणको लागि प्रयास गर्ने हाम्रा प्रतिज्ञाका शब्दहरू पहिलेभन्दा बढी गहिरो रूपमा प्रतिध्वनित हुनेछन्, र हामी दिवंगत भएकाहरूलाई लज्जित नपारी बाँच्ने हाम्रो संकल्पलाई नवीकरण गर्नेछौं।



# Rissho Kosei-kai International

## Make Every Encounter Matter




# A Global Buddhist Movement




**Information about local Dharma centers**

**facebook**

**X**

We welcome comments on our newsletter Living the Lotus: [living.the.lotus.rk-international@kosei-kai.or.jp](mailto:living.the.lotus.rk-international@kosei-kai.or.jp)